म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौँडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्षः१७ | अङ्कः- १५६ | २०८३ वैशाख १६ गते बुधबार 29 April 2026, Wednesday - | पृष्ठ ४ | मूल्य रू. ५/-

**मानसिक स्वास्थ्यप्रति सचेत बनौं ।**

**मानसिक समस्याका लक्षण :**

- निराश हुनु,
- तनाव तथा चिन्ता महशुस हुनु,
- बेलाबेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निन्द्रा नपर्नु,

**मानसिक समस्या निदानको लागि :**
- नियमिति व्यायाम गरौँ,
- आफ्ना भावना खुल्ला रुपमा व्यक्त गरौँ,
- परिवार र साथीहरुसँग समय बिताऔँ,
- योग ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔँ,
- आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौँ

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# बागमतीमा ७ मन्त्रालय कायम गर्न नेकपाको सुझाव



*मुख्यमन्त्री बानियाँलाई सुझावपत्र बुझाउँदै नेकपाका नेताहरु ।*

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश सरकारले थालेको प्रशासनिक पुनर्संरचनामा साविकको ७ मन्त्रालयको मोडलमा अघि बढ्ने पाली कम्युनिष्ट पाटी (नेकपा) ले सुझाव दिएको छ। नेकपा बागमती प्रदेशसभा संसदीय दलले प्रदेश सरकारको प्रशासनिक पुनर्संरचना प्रतिवेदनप्रति असहमति जनाउँदै मन्त्रालय संख्या ७ वटामा सीमित गर्न प्रस्ताव गरेको हो ।

दलका नेता शालिकराम जम्कट्टेलले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई सुझावपत्र बुझाउँदै प्रशासनिक सुधारलाई प्रभावकारी, मितव्ययी र परिणाममुखी बनाउन आग्रह गरेका हुन् । उनले एउटै उद्देश्यका लागि दुईवटा छुट्टाछुट्टै समिति गठन गर्नु आवश्यक नभएको र मन्त्रीको नेतृत्वमा विज्ञसहितको एउटै समिति गठन गरी अध्ययन गर्नु उपयुक्त हुने बताए ।

बागमती प्रदेश सरकारले प्रशासनिक पुनर्संरचनाका लागि प्रदेशका कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसूदन पौडेलको संयोजकत्वमा रहेको उच्चस्तरीय निर्देशक समिति र पूर्वसचिव विमल वाग्लेको नेतृत्वमा विज्ञ समूहको सुझाव समिति गठन गरेको थियो । उक्त समीतीको सुझाव अनुसार प्रदेशमा ८ मन्त्रालय कायम गर्नेगरी सरकार अघि बढेको छ । जसमा नेपकाले असहति जनाएको छ । नेकपाले रणनीतिक महत्वका मन्त्रालयहरु हटाउने र गाभ्ने काम गर्न नहुने जनाएको छ । सोही अनुसार नेकपाले साविकको ७ मन्त्रालयको मोडलमा अघि बढ्न मुख्यमन्त्री बानियाँलाई आग्रह गरेको हो ।

नेकपाले प्रदेश सरकारको आकार घटाउँदै खर्च नियन्त्रण गर्न प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, कृषि, पशुपन्छी तथा सहकारी मन्त्रालय र उद्योग, संस्कृति, पर्यटन, वन तथा वातावरण मन्त्रालय कायम गर्न प्रस्ताव गरेको छ । उक्त मोडल साविकको प्रदेश संरचना स्थापनाको बखतमा रहेको थियो ।

प्रदेश स्थापना कालमै रहेको उक्त संरचना वैज्ञानिक, सन्तुलित र व्यवहारिक रहेको भन्दै त्यसलाई निरन्तरता दिनुपर्ने नेकपाको भनाइ छ। मन्त्रालयहरुबीच कार्य दोहोरोपन नहोस् र हस्तक्षेपकारी अवस्था नआओस् भन्ने विषयमा पनि दलले प्रदेश सरकारको ध्यानाकर्षण गराएको नेता जम्कट्टेलले बताए। साथै, प्रदेश प्रहरी समायोजन प्रक्रिया कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय खारेज गर्नु उपयुक्त नहुने नेता जम्कट्टेलको भनाई छ ।

नेकपाले प्रदेश विश्वविद्यालय, प्रदेश सुशासन केन्द्र र प्रदेश नीति तथा योजना आयोगजस्ता संरचनालाई खारेज नगरी थप सुदृढ बनाउँदै प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने सुझाव दिएको छ । उक्त निकायहरु प्रदेशको नीति निर्माण, जनशक्ति विकास र प्रशासनिक दक्षता अभिवृद्धिका लागि आवश्यक रहेको जनाइएको छ। प्रदेश सुशासन केन्द्रलाई कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिवृद्धि गर्ने महत्वपूर्ण संस्था भएकाले सो निकाय हटाउनु आफ्नै अधिकार कटौती हुने नेकपाको तर्क छ। प्रदेश नीति तथा योजना आयोगलाई विकास योजनाको केन्द्रिय निकायका रूपमा यथावत राख्नुपर्नेमा नेकपाले जोड दिएको छ ।

यसैगरी संघीय निजामती ऐन अझै नआएको र दरबन्दी एकिन हुन बाँकी रहेकाले प्रदेशमा कार्यरत कर्मचारी संख्या घटाउनु उपयुक्त नहुने पनी नेकपाको धारणा छ । न्यून सेवा-सुविधामा काम गरिरहेका कर्मचारीलाई यथावत राख्नुपर्ने सुझाव उसले दिइएको छ। जिल्ला तहमा सेवा प्रवाहलाई सहज बनाउन आवश्यक स्रोत र जनशक्ति अभाव भए कार्यालयहरू गाभेर एकीकृत सेवा प्रणाली लागू गर्नुपर्ने नेकपाले माग गरेको छ ।

स्थानीय तहसम्म सेवा सहज रुपमा पुऱ्याउन प्रशासनिक संरचना पुनर्संरचना हुनुपर्नेमा जोड दिइएको छ । नेकपाले वर्तमान पुनर्संरचना प्रतिवेदन कार्यान्वयन भए प्रदेश संरचना कमजोर हुने, सेवा प्रवाह प्रभावित हुने र संघीयताप्रति जनविश्वास घट्न सक्ने चेतावनी दिएको छ ।

## राक्सिराङको कालिका माविको तह घटुवा

समाज संवाददाता

हेटौँडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-४ स्थित कालिका माध्यमिक विद्यालयको तह घटुवा भएको छ । शैक्षिक सत्र २०८३ सालबाट १० कक्षासम्म पठनपाठन हुने विद्यालयलाई तह घटुवा गरी ८ कक्षासम्मको पठनपाठन सञ्चालन गर्न लागिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख पंकस थारुले जानकारी दिनुभयो ।

२०६६ सालबाट कक्षा ९ र २०६७ सालबाट कक्षा १० सञ्चालन भएको उक्त विद्यालयमा विद्यार्थी संख्या न्यून भएका कारण तह घटुवा गरिएको उहाँको भनाइ छ। यसवर्ष कक्षा ९ बाट उत्तीर्ण भई कक्षा १० मा गएका ५ जनालाई अन्यत्र विद्यालयमा पठाइएको छ। आगामी वर्षहरुमा विद्यार्थी संख्या बढ्दै गएमा कक्षा थप गर्ने गरी तह घटुवा गरिएको शिक्षा शाखा प्रमुख थारुको भनाइ छ ।

गत वर्षको आधारभूत तहको परीक्षामा ७ जना विद्यार्थी विद्यालय भर्ना भएकोमा २ जनामात्रै परीक्षामा सहभागी भएका थिए । विद्यालयबाट २०८१ र २०८२ सालको एसईईमा एक-एक जना विद्यार्थी सहभागी भएका थिए ।

पालिकाभित्र रहेका ५० वटा सामुदायिक विद्यालयमध्ये केही विद्यालय विद्यार्थी संख्या कम भएका कारण मर्ज गर्नुपर्ने अवस्था आएको थारुको भनाइ छ । भौगोलिक अवस्था, पहुँच र गुणस्तरका कारण विद्यार्थी संख्या कम भएको उहाँले बताउनुभयो। कालिका मावमा कक्षा ९ र १० मा अध्यापन गराउने शिक्षकहरुलाई मावि सञ्चालन भएका अन्य विद्यालयमा पठाइएको उहाँले बताउनुभयो ।

पछिल्लो समय गाउँ तथा दुर्गम क्षेत्रका विद्यालयहरूमा

बाँकी पृष्ठ ४ मा...

## मकवानपुरका संस्थागत विद्यालयमा पठनपाठन सुचारु




*हेटौँडा-८ स्थित कमाने एकेडेमीमा विद्यालय खुलेको पहिलो दिन विद्यार्थीलाई स्वागत गर्न सिंगारिएको विद्यालयको प्रवेशद्वार । विद्यालयले पहिलो दिन विद्यार्थीलाई उपहारसहित स्वागत गर्नुका साथै पहिलो दिन विद्यार्थीलाई विविध मनोरञ्जनात्मक खेल खेलाएको थियो ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुरका संस्थागत विद्यालयहरुले मंगलबार बाट पठनपाठन सुचारु गरेको छ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुरले बैशाख १५ गतेदेखि विद्यालय सुचारु गर्न आव्हान गरेको थियो । प्याब्सनको आव्हानअनुसार नै विद्यालयहरु पठनपाठन सुचारु भएका हुन् ।

प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले बैशाख १५ गतेबाट विद्यालय सुचारु गर्न आव्हान गरेबमोजिम मंगलबारबाट अधिकांश विद्यालय सुचारु भएको बताउनुभयो। उहाँका अनुसार प्याब्सनले विद्यालयहरुलाई बैशाख १५ गतेबाट विद्यालय सुचारु गर्दै पुराना विद्यार्थीको अभिलेखीकरण गर्ने, नयाँ विद्यार्थी भर्ना, विद्यार्थीलाई परामर्श तथा अभिमुखीकरण कार्य गर्न आव्हान गरिएको बताउनुभयो ।

प्याब्सन मकवानपुरमा ६२ वटा विद्यालय आवद्ध रहेको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । मकवानपुरमा संस्थागत विद्यालयमा ३३ हजार भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । मकवानपुरमा सामुदायिक विद्यालय पनि सञ्चालनमा आएका छन् । केही सामुदायिक विद्यालय बैशाख ७ गतेदेखि नै सञ्चालनमा आएका थिए। हेटौँडा-४ स्थित ब्रह्मदिक एकेडेमीकी सहायक प्रिन्सिपल अर्चना दाहालले पहिलो दिन करिब ५० प्रतिशत विद्यार्थी उपस्थित भएको जानकारी दिनुभयो । पहिलो दिन भएर विद्यार्थीको उपस्थिति कम भएको उल्लेख गर्नुहुँदै एक दुइ दिनमा सबै विद्यार्थी विद्यालय आउने दाहालले बताउनुभयो ।

## चन्द्रोदय आविको प्रधानाध्यापकमा सपना

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१३, टुटेपानीस्थित चन्द्रोदय आधारभूत विद्यालयको प्रधानध्यापकमा सपना लामा नियुक्त हुनुभएको छ । मंगलबार बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले लामालाई प्रधानाध्यापकमा नियुक्त गरेको हो ।

यसअघि प्रधानाध्यापक रहनुभएका सुकुलाल मोक्तानले स्वास्थ्य समस्याका कारण पद छाड्नुभएको नवनियुक्त प्रधानाध्यापक लामाले जानकारी दिनुभयो । मोक्तानले ११ वर्ष विद्यालयमा प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नु भएको थियो ।

बाँकी पृष्ठ ४ मा...

# नीति र व्यवहारमा एकरुपता जरुरी

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संघीयता सफल बनाउन नीति निर्माण र कार्यान्वयन गर्ने निकायबीच तादत्म्यता हुनुपर्ने बताएका छन् । उनले नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बलियो बनाउन नीति र व्यवहारमा एक रुपमता कायम गर्नुपर्ने बताए ।

प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गत समसामयिक शासन प्रणालीका विभिन्न आयामहरुमा नीति संवाद कार्यशालालाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले नेपालमा पनि संघीय संरचनामार्फत जनताको जीवनस्तर सुधार गर्न नेतृत्वमा स्पष्ट दृष्टिकोण र साहस हुनुपर्ने बताए। नेपाली राजनीतिमा देखिएको बोली र व्यवहार बीचको खाडलले प्रभावकारी काम हुन नसकेको उनले बताए ।

‘नेताले नीति बनाउँछ । तर त्यसलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने जिम्मेवारी निजामती प्रशासनको हो। जबसम्म प्रशासन संयन्त्र सक्रिय, निष्पक्ष, पारदर्शी र जनताप्रति उत्तरदायी हुँदैन। तबसम्म जतिसुकै राम्रो नीति बनाए पनि त्यसको प्रतिफल जनताले पाउँदैनन्’, उनले भने, ‘हाम्रो बोलीमा उत्साह देखिन्छ । तर कुर्सीमा बसेर काम गर्दा त्यो व्यवहारमा लागु हुन सकिरहेको छैन। नेतृत्व र कार्यान्वयन पक्षको गति नमिल्दा नेपालमा पटक-पटक राजनीतिक परिवर्तन भए पनि जनताको अवस्थामा सोचेअनुसारको परिवर्तन आउन सकेन ।’

मुख्यमन्त्री बानियाँका अनुसार अबका नीतिहरु द्विअर्थी लाग्ने खालको नभई स्पष्ट र नतिजामुखी हुनुपर्छ। संघीयतालाई संस्थागत गर्नका लागि संघीय सरकारले निजामती सेवा ऐन, प्रहरी ऐन, वन र भूमि सम्बन्धी कानुनहरु यथाशीघ्र निर्माण गरी प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्ने उनको भनाई छ। जनता बलियो भए मात्र राज्य बलियो हुने उनले बताए । नागरिकको हित र विकास निर्माण तथा समृद्धिका लागि तीनै तहका सरकार बीच समन्वय, सहकार्य र सहअस्तित्वको भावना अनुसार काम हुनुपर्ने उनले बताए ।

प्रदेश सुशासन केन्द्र हेटौँडाको सभाहलमा भएको कार्यशालामा विज्ञ उमेशप्रसाद मैनालीले संघीय सुशासन र सुधारका मार्गचित्र र डा. नहकुल सुवेदीले नीति, योजना, बजेट, कार्यक्रम तर्जुमा र कार्यक्रम कार्यान्वयनका आधारभुत चुनौतीहरु र समाधान बारे प्रस्तुती दिएका थिए ।

# गाडीले च्यापिएर सहचालकको मृत्यु

समाज संवाददाता

हेटौँडा : हेटौँडामा गाडी सफा गर्ने क्रममा च्यापिएर सहचालकको मृत्यु भएको छ । हेटौंडा-११, थानाभञ्याङमा गाडी सफा गर्ने क्रममा च्यापिएर सहचालकको मृत्यु भएको हो ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-११, थानभञ्याङमा ट्रकले च्यापिएर पर्सा जिल्लाको पर्सागढी गाउँपालिका-३, विरुवागुठीका २३ वर्षीय फुलकान्त थारुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । थानाभञ्याङमा रोकिराखेको ना ७ ख ७०१८ नम्बरको लहरी ट्रकको अगाडिको भागको सिसा सफा गर्न लागिरहेको अवस्थामा चालकले गाडी चलाउँदा राजमार्ग छेउमा अगाडि रोकिराखेको ना ६ ख ४२८९ नम्बरको ट्रक पछाडि ठोक्किँदा लहरीको सहचालक थारु च्यापिएर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरिक्षक पुस्कर बोगटीले बताए ।

उनका अनुसार घाइते सहचालक थारुलाई उपचारका लागि हेटौँडा अस्पताल लगिएको थियो । हेटौंडा अस्पतालमा उपचार सम्भव नभएपछि चितवनस्थित भरतपुर अस्पताल पठाइएको उनले बताए । भरतपुर अस्पतालमा उपचारको क्रममा सहचालक थारुको सोमबार राति मृत्यु भएको प्रवक्ता बोगटीले बताए । प्रवक्ता बोगटीका अनुसार लहरीका चालक पर्सा जिल्लाको ठोरी गाउँपालिका-१ का ३२ वर्षीय एकराज तिमिल्सेना र अर्को चालक उदयपुर जिल्लाका २९ वर्षीय भविस तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटना बारे थप अनुसन्धान भइरहेको उनको भनाई छ ।

**फुल फर्निस्ड सटर विक्रीमा**

हेटौँडा-४, हेटौँडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर विक्रीमा र हेकोले व्यवसाय गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क :
९८४५१-२७०३८



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## दुग्ध किसानको पीडा

कृषि प्रधान देश भन्ने गरिएको मुलुकका किसानहरु खुसी र सन्तुष्ट हुन सकेका छैनन् । सरकारबाट आवश्यक सहयोग तथा सुविधा नपाएका किसानले उत्पादन गरेको वस्तुले उचित बजार र मूल्य नपाउँदा थप मारमा पर्ने गरेका छन् । अझ आफूले बिक्री गरेको कृषि उपजको रकम महिनौं होइन, वर्षौंसम्म नपाउँदा किसान पीडामा रहेका छन् । ऋणधन गरेर किनेको गाई, भैंसी पालेर दूध उत्पादन गरी बिक्री गरेको रकम नपाउँदा किसानले थुप्रै समस्या भोग्नु परिरहेको छ । दूधको रकम समयमा भुक्तानी नपाएर विगतमा पटक-पटक आन्दोलन गर्न बाध्य बनेका किसानहरुले स्थानीय प्रशासनलाई गुहारेपछि प्रशासनले डेरी उद्योगका सञ्चालकलाई रकम भुक्तानी दिन निर्देशन दिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा डेरी उद्योग सञ्चालक र किसानले उत्पादन गरेको दूध संकलन गरेर बिक्री गर्दै आएको सहकारी संस्थाका प्रतिनिधिलाई राखेर प्रमुख जिल्ला अधिकारीले बक्यौता रकम भुक्तानी गर्न निर्देशन दिएका छन् । मकवानपुरका दुग्ध उत्पादक किसानले दूध बिक्री गरेबापत पाउनुपर्ने रकममध्ये आगामी असारसम्ममा ६५ प्रतिशत भुक्तानी गर्न डेरी सञ्चालकहरुलाई निर्देशन दिइएको छ । सोमबार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा जिल्लाका सुरक्षा निकायसहित दुग्ध उत्पादक सहकारी संघ तथा डेरी उद्योगहरुबीच भएको बैठकमा सबै डेरी उद्योगहरुले भुक्तानी दिन बाँकी रकममध्ये ६५ प्रतिशत असारसम्म र बाँकी ३५ प्रतिशत असोजसम्म तिर्न निर्देशन दिइएको हो ।

दुग्ध उत्पादक किसानहरुले आफ्नो पैसा समयमै नपाएको भन्दै पटक-पटक प्रशासनमा गुनासो गरेपछि किसानको पैसा तिर्न निर्देशन दिइएको छ । स्थानीय डेरी उद्योगहरुले किसानलाई १४ करोड रुपैयाँ तिर्न बाँकी रहेको बताइएको छ । एउटै डेरी उद्योगले झण्डै ७ करोड रुपैयाँ तिर्न बाँकी देखिएको छ भने अर्को डेरीको बक्यौता साढे ४ करोड छ । कतिपय डेरी उद्योगले २०७८ सालदेखिको दूधको रकम किसानलाई भुक्तानी गर्न बाँकी रहेको छ । किसानले समयमा दूध बिक्री गरेको रकम नपाउँदा दैनिक घरखर्च चलाउन, दाना-पराल खरिद गर्न र बैंकको किस्ता तिर्न अप्ठ्यारो परेको बताएका छन् । उपभोक्तालाई नगदमा दूध र दुग्धजन्य पदार्थ बिक्री गर्दै आएको उद्योगले किसानसँग उधारोमा खरिद गरेको दूधको पैसा वर्षौंसम्म भुक्तानी नगर्दा किसानहरु अन्यायमा परेका हुन् ।

विगतमा पनि दूधको भुक्तानी नपाएपछि देशभरका दुग्ध उत्पादक किसान आन्दोलनमा उत्रिएका थिए । उनीहरुले रकम भुक्तानी माग गर्दै सडक जाम र बिरोध प्रदर्शन गरेका थिए । संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार हुँदा पनि किसान पीडित हुनुपर्ने अवस्था आउनु विडम्बना हो । कुनै पनि सरकारले किसानलाई प्रोत्साहन गरेर कृषि क्षेत्रको विकास गर्न सरकार उदासिन बन्दै आएको छ । किसानले उत्पादन गरेको कृषि वस्तुको बजारीकरणमा समेत सरकारले ध्यान दिन सकेको पाइँदैन । कृषि क्षेत्रको विकास र किसानको हित हुने गरी प्रभावकारी नीति तथा कार्यक्रम नहुँदा कृषि कार्यमा किसानको रुचि घट्दै गएको छ ।

बाली लगाउने समयमा बिउ तथा मल नपाउने नियति किसानले नियमित भोग्नु परिरहेको छ । सरकारले किसानलाई दिने सुविधा र अनुदानमा वास्तविक किसानको पहुँच पुग्न सकेको छैन । राजनीतिक दलका कार्यकर्ता तथा टाठाबाठा गैरकिसानले त्यस्ता सुविधा लिने गर्दछन् । किसानको उत्पादन सकेसम्म न्यून मूल्यमा खरिद गर्न बिचौलियाहरु सक्रिय छन् । उद्योगी तथा व्यवसायीहरु पनि सकेसम्म किसानलाई पीडा दिन अग्रसर भइरहँदा किसानमा कहिल्यै खुसी हुन सक्ने अवस्था बनेको छैन । प्रशासनले निर्देशन दिएको समयसीमा भित्र दुग्ध उत्पादक किसानको बाँकी रकम भुक्तानी गर्न डेरी उद्योगहरु इमान्दार बनेमा किसानको पीडा केही हदसम्म कम हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार १११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : कर्मयोगी प्रवृत्तिको बनाउन मद्धत मिल्नेछ ।
**वृष** : सामाजिक एवम् धार्मिक कृत्यमा सरिक भइने छ ।
**मिथुन** : आर्थिक दृष्टिले ठिकै समय रहेको छ ।
**कर्कट** : भेटघाट र यात्रा योगमा सरिक भइने छ ।
**सिंह** : प्रेममा माया बढ्ने समय योग रहेको छ ।
**कन्या** : शरीर स्वस्थता र काममा उत्सुकता बढ्ने योग छ ।
**तुला** : काममा द्विविधा बढने समय योग देखिन्छ ।
**वृश्चिक** : नसोचेको ठाउँबाट लाभ प्राप्त हुने योग छ ।
**धनु** : समय र बाध्यतामा खुम्चनु पर्ने योग छ ।
**मकर** : नयाँ विषयवस्तुले आकर्षित बनाउने छ ।
**कुम्भ** : पुरुषार्थी कामले स्थापित बनिने योग छ ।
**मीन** : बोलीमा बिचार पुऱ्याउँदा राम्रो रहने समय छ ।

# सुकुम्बासी कसका भोट बैंक थिए ?



✍डा. विजयकुमार पौडेल

आज काठमाडौँका अधिकांश ठाउँबाट सुकुम्बासीहरू उठीबासमा परे । यस घटनाबाट समाजका ठालुहरू धेरै खुसी भएका छन् । विगतमा कम्युनिष्ट र कांग्रेस पार्टीमा रहेका र तिनीहरूको अयोग्यताका कारण बिरक्तिएकाहरू पनि सुकुम्बासीहरूको उठीबासबाट खुसी देखिएका छन् । यी दुईथरी मानिसका खुसी हुने कारणहरू भने बेग्लाबेग्लै छन् । ती फरक खुसीको छुट्टै विश्लेषण आवश्यक देखिन्छ ।

समाजको ठालु वर्ग खुसी हुनुको पछाडि तर्क रहेछ- 'सुकुम्बासीहरू कम्युनिष्ट पार्टीका भोट बैंक थिए, यिनको उठीबासले अब कम्युनिष्ट पार्टीको भोट बैंक सकियो । अब नेपालका कम्युनिष्टहरूको राजनीति पनि सकियो ।'

नेपाली समाजका ठालुहरूसँग छलफल गर्नुपर्ने केही प्रश्नहरू छन् । के सुकुम्बासीहरू सदैव कम्युनिष्ट पार्टीका भोट बैंक थिए ? सुकुम्बासीहरू जन्माउने कारखाना के हो ? सुकुमबासी समस्याको स्थायी समाधान कसरी हुन सक्छ ?

अब पहिलो प्रश्नमा जाऊँ- के सुकुम्बासीहरू सदैव कम्युनिष्ट पार्टीका भोट बैंक थिए ? बिलकुलै थिएनन् । पञ्चायती शासनकालमा अधिकांश सुकुम्बासी बस्तीहरू दीपक बोहरा, निरञ्जन थापा, हेमबहादुर मल्ल र कमल थापाजस्ताका भोट बैंक थिए । दीपक बोहरा र हेमबहादुर मल्ल मरेर गइसक्नु भयो । अहिले आएर वहाँहरूलाई पञ्चायती व्यवस्थाका गुन्डा भन्दा सम्बन्धित परिवारजनमा नराम्रो लाग्ला । कमल थापाजी र निरञ्जन थापाजी व्यक्तिगत रुपमा मृदुभाषी हुनुहुन्छ । वहाँहरूलाई पनि अहिले आएर पञ्चायती गुन्डा भन्दा मन दुख्ला नै । तर हामी रुपन्देही, मकवानपुर र धनुषाका बासिन्दाले निजहरुबाट के-कस्तो हुर्मत बेहोरेका थियौं भन्ने कुरा बयान गरी साध्य छैन । यो पङ्क्तिकार र बुटवलका बलबहादुर आचार्य बुटवल क्याम्पसमा बिना कारण मण्डले गुन्डाहरूबाट मरणासन्न हुनेगरी कुटिएका थियौं । ती गुन्डा महानुभावहरूले हामीलाई कुट्दै गर्दा भन्थे- "हामीहरू दीपक बोहरा र निरञ्जन दाइका मान्छे हौं बुझिस् !"

यो पङ्क्तिकार र बुटवलका बलबहादुर आचार्य बुटवल क्याम्पसमा बिना कारण मण्डले गुन्डाहरूबाट मरणासन्न हुनेगरी कुटिएका थियौं । ती गुन्डा महानुभावहरूले हामीलाई कुट्दै गर्दा भन्थे- "हामीहरू दीपक बोहरा र निरञ्जन दाइका मान्छे हौं बुझिस् !"

दीपक-निरञ्जनको टोलीले परिचालित गरेका गुन्डाहरूको अगुवाइमा सुकुम्बासीहरूको ठुलो समूहले रुपन्देहीको सूर्यपुरामा भइरहेको नेपाली कांग्रेसको बैठकमा आक्रमण गरेको थियो । रुपन्देहीका सुकुम्बासीहरूको भोटले नै दीपक र निरञ्जनहरू चुनाव जित्थे, बुथ कब्जा गर्थे । सुकुम्बासीहरूका बिचमा कम्युनिष्ट र कांग्रेस पार्टीका पनि संगठन थिए तर ती संगठन बेलाबेलामा दीपक, निरञ्जन, कमल थापा इत्यादिबाटै परिचालित हुन्थे । उही हालत मकवानपुर र धनुषामा थियो । भूमिगत पार्टीका बैठकहरूमा आफैंले बनाएका सुकुम्बासी नेताहरूको दोहोरो चरित्रका बारेमा तिक्ततापूर्ण बहसहरू हुन्थे ।

२०३७ साल वैशाख २० गते सम्पन्न जनमत सङ्ग्रहमा पञ्चायत पक्षलाई जिताउनका लागि व्यापक वन फँडानी गरी रातारात बस्ती बसालियो र सबै सुकुम्बासीहरूका घरमा पहेँलो झन्डा गाडियो । कतै थोरै जमिन भएका कारणले बाँच्न धौधौ भएकाहरू वा जमिन नभएका पूर्णरुपमा भूमिहिनहरु पञ्चायती प्रशासनले खुला छुट दिएका कारणले जङ्गल फडानी गरी बसे ।

२०४२ साल फागुन २० गतेको कुरा हो, रुपन्देहीको खैरेनी बजारबाट अलिकति दक्षिणमा सुरजपुरा भन्ने बस्ती छ । त्यहाँ नेपाली कांग्रेसका नेता पुष्पानन्द गिरीजीको घर थियो । त्यही घरमा नेपाली कांग्रेसका नेताहरू गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा लगायतका नेताहरूको उपस्थितिमा बैठक भइरहेको थियो । त्यस बैठकमा भाग लिने तत्कालिन विद्यार्थी नेता चन्द्र भण्डारी पनि हुनुहुन्थ्यो । बैठक चल्दाचल्दै दीपक बोहराहरूबाट परिचालित सुकुम्बासी बस्तीका युवाहरूले चारैतिरबाट घेरा हाले । बन्चरो प्रहारबाट यादवनाथ आलोक र रामप्रसाद चौधरी गम्भीर घाइते हुनुभयो । बैठक भइरहेको घरमा आगो लगाइयो ।

घरधनीसँग लाइसेन्सवाला बन्दुक थियो । गिरिजा कोइरालाले 'अब बाँच्नु त पऱ्यो, ए साथी हो यी गुन्डाहरूलाई गोली ठोक्नुस् !' भन्दै जोडले चिच्याएपछि आक्रमणकारीहरू अलि पर भागे । त्यसपछि कांग्रेसी नेताहरूले भाग्ने मौका पाए नत्र ज्युँदै जलाउने प्रपञ्च गरिएको थियो । चन्द्र भण्डारीले यो लेख लेख्दै गर्दा स्मरण गराउनु भए अनुसार शेरबहादुर देउवाको ओठ खुकुरी प्रहार बाट काटियो । २२ गते लुम्बिनी अञ्चल अस्पतालमा यादवनाथ आलोकको मृत्यु भयो । घाइते रामप्रसाद चौधरी उपचारपछि घर फर्किनु भएको थियो, वहाँलाई गुन्डाहरूले गोली हानेर मारे ।

त्यस घटनाको विरोधमा त्यतिखेरका हामी विद्यार्थीहरुले जुलुस निकालेर प्रतिवाद गरेका थियौं । के सुरजपुरा काण्डमा रुपन्देहीका सबै सोझा सिधा सुकुम्बासी आएका थिए ? के त्यहाँ आक्रमण गर्नेहरू सबै पेशेवर अपराधी थिएनन् । उनीहरूलाई 'कांग्रेस र कम्युनिष्टहरूले तिमीहरूलाई लालपुर्जा दिन दिंदैनन् । यिनीहरूलाई लखेट्ने हो भने तुरुन्तै लालपुर्जा पाइन्छ' भनेर भड्काएर लगिएको थियो । आक्रमण गर्ने अग्रपङ्क्तिमा पञ्चायती सरकारले पालेका मण्डले गुन्डा हुन्थे, पछाडि हुल देखाउन सुकुम्बासी बस्तीका युवाहरू परिचालित गरिन्थे । पार्टीहरू भूमिगत थिए । खुला गतिविधि गर्ने विद्यार्थीहरूलाई कुटाउन सुकुम्बासीहरू परिचालित गरिन्थे ।

२०४६ सालपछि माओवादी विद्रोह नहुन्जेल सुकुम्बासी बस्तीहरू अवश्य पनि नेकपा (एमाले) का भोट बैंक बने । माओवादी विद्रोहपछि अधिकांश सुकुम्बासी बस्तीका युवाहरू त्यतै लागे । २०८२ सालमा सम्पन्न संसदीय चुनावमा अधिकांश सुकुम्बासीहरू रास्वपाका भोट बैंक बने, जुन कुरा २०८३ साल वैशाख १२ गते काठमाडौंमा उठीबासमा परेकाहरूले रुँदै रुँदै बताए । सुकुम्बासी बस्तीमा डोजर चल्नु अघि घरघरमा घण्टी छाप झन्डा झुण्ड्याइएकै थिए । अहिले सुकुम्बासी बस्ती बिना योजना उजाडेर वा अलि पहिलेदेखि नै आप्रवासी श्रमिकहरूका ठेला खोसेर सहर छोड्न बाध्य पार्नेहरूले कम्युनिष्ट पार्टीको भोट बैंक लखेटेका होइनन्, गत चुनावमा आफूलाई अत्यधिक मत दिने आफ्नै भोट बैंकलाई लखेटेका हुन् ।

आज रुँदै रुँदै आफ्नो बासस्थान चुपचाप छाड्नेहरूका तस्वीर साझा गर्दै रमाउने ठालुहरूको आशय प्रष्ट छ- देश गरिबहरूको होइन, यिनलाई लखेटेर मात्रै सहर सुन्दर बनाउन सकिन्छ । ठालु सत्ताको चाल नबुझेर खुसी मनाउने केही अरू मानिसहरू छन् जो विगतका आफ्नै पार्टीका नालायकीबाट सिर्जित कुण्ठा र हतासाका कारण गरिबहरूको उठीबासमा खुसी व्यक्त गरिरहेका छन् ।

किन सुकुम्बासी बन्न बाध्य बनेकाहरू कहिले कसको त कहिले कसको भोट बैंक बन्ने गरेका छन् ? यसको एउटै उत्तर हो- कसो गर्दा बाँच्न पाइन्छ, कसलाई पत्याउँदा बासको ठेगान हुन्छ भन्ने खोजी र विश्वासमा सुकुम्बासीहरू विभिन्न सत्ताका गोटी बन्ने गरेका छन् । बहुदलीय व्यवस्था आएपछि बनेका विभिन्न आयोगहरूले धेरै ठाउँका सुकुम्बासी बस्तीमा पुर्जा वितरण गरे, धेरैका समस्या समाधान भए तर सुकुम्बासी बन्ने प्रक्रिया रोकिएन । किन ? इतिहासदेखि वर्तमानसम्म मानिसहरू किन सुकुम्बासी बने र बनिरहेछन् भन्ने बारे केही बुँदागत चर्चा गरौं ।

आज रुँदै रुँदै आफ्नो बासस्थान चुपचाप छाड्नेहरूका तस्बिर साझा गर्दै रमाउने ठालुहरूको आशय प्रष्ट छ- देश गरिबहरूको होइन, यिनलाई लखेटेर मात्रै सहर सुन्दर बनाउन सकिन्छ । ठालु सत्ताको चाल नबुझेर खुसी मनाउने केही अरू मानिसहरू छन् जो विगतका आफ्नै पार्टीका नालायकीबाट सिर्जित कुण्ठा र हतासाका कारण गरिबहरूको उठीबासमा खुसी व्यक्त गरिरहेका छन् ।

सुकुम्बासी शब्दको व्युत्पत्ति- दोस्रो विश्वयुद्धमा बर्मा (म्यानमार)बाट बिस्थापित भएका नेपालीहरू महिनौं जंगलैजंगल हिँडेर भारतको आसाम हुँदै सिक्किम आइपुगे । कति त्यहाँ बसे, कति त्यहाँबाट पनि बिस्थापित हुन बाध्य भए र पुर्ख्यौली थातथलो खोज्दै नेपाल आए । त्यसरी घरबारविहीन 'सिक्किमबासी' शब्दबाट पछि जनजिब्रोले 'सुकुम्बासी' शब्द बनायो ।

१. साहूले घर, वास उठिबास पारिएकाहरू र गरिबीले गाउँमा बस्न नसकेकाहरू रोजगारीको खोजीमा कति बर्मा त कति भारतका विभिन्न स्थानमा गएका थिए । दोस्रो विश्वयुद्धमा तत्कालीन बर्माबाट बिस्थापितहरू पुर्खौली थातथलो खोज्दै नेपाल आए । विदेशबाट विस्थापित हुनु अघि तिनैको रेमिटेन्सले देशमा वैदेशिक मुद्रा र सुनचाँदी भित्रिन्थ्यो । लखेटिएपछि उनीहरू नेपालमा सुकुम्बासी बने ।

२. विभिन्न स्थानमा खेतिहर मजदुर बनेर वा स्थानीयको सहयोगमा बन फडानी गरेर भारतको आसाम लगायतको स्थानमा पुस्तौंदेखि बसोबास गरिरहेकाहरू लखेटिए र नेपालमा सुकुम्बासी भए ।

३. देशमै रहेकाहरू साहुबाट लखेटिएपछि तराई झरे र सुकुम्बासी भए ।

४. भुटानबाट लखेटिएका नेपालीहरूले भने सुकुम्बासी बन्न पाएनन् वा बनेनन् किन भने उनीहरू भुटान नै फर्किन चाहन्थे । अर्कोतर्फ नेपाल सरकार विभिन्न आन्तरिक र बाहिरी दबाबमा थियो, यसैले विगतमा बर्माबाट लखेटिएकालाई जस्तै सहजै सुकुम्बासी स्वीकार गरेर बस्न दिन सक्ने अवस्था थिएन । उनीहरू झन् अन्तर्राष्ट्रिय सुकुम्बासी भए ।

५. २०३७ सालको जनमत सङ्ग्रहमा पञ्चायतलाई जिताउनका लागि खुलारुपमा बन फँडानी गर्न राज्यले नै उक्साउने घटनाभन्दा अघिसम्म बाध्यतामा पर्नेहरू मात्रै सुकुम्बासी बन्थे । जनमतसंग्रहपछि भने आफूसँग रहेको जमिन बेचेर सुकुम्बासी बनी जङ्गल वा सार्वजनिक जमिन कब्जा गरी बस्ने प्रवृत्ति विकास भयो ।

६. नेपाली समाज पुँजीवादी प्रक्रिया तीव्र हुँदै गएपछि जेनतेन जीवन धान्ने वा गुजारामुखी 'आत्मनिर्भर ग्रामीण अर्थतन्त्र' ध्वस्त भयो । गुजारामुखी नै भए पनि मट्टितेल, नुन र लत्ता-कपडा बाहेक अरू बाहिरबाट किन्नु नपर्ने ग्रामीण अर्थतन्त्र ध्वस्त हुँदै गएपछि मानिसहरू रोजगारीको खोजीमा सहर पस्न बाध्य भए । तिनीहरू नै आजका विभिन्न सहर छेउछाउ बस्ने 'सुकुम्बासी' हुन् । वास्तवमा तिनीहरू वैदेशिक रोजगारीमा जाने हैसियत नभएका घर छोडेका आप्रवासी श्रमिक हुन् । अलिकति नगद लिएर सहर पस्ने हैसियत भएकाहरू राम्रो ठाउँमा डेरा लिएर सानोतिनो रोजगारी गर्न थाले, त्यति पनि हैसियत नभएकाहरू बर्खामा ज्यानको खतरा मोल्दै नदी किनारमा बस्न बाध्य भए ।

७. दास प्रथाको अवशेषको रूपमा रहेको कमैया-कमलरी राख्न नपाइने कानुनी व्यवस्थाका लागू गराउन कम्युनिष्टहरूले नै आवाज उठाएका हुन् । कम्युनिष्ट पार्टीले दासताका बिरुद्ध आवाज उठायो तर त्यस काममा केही आइएनजीओहरूले खेतीपाती गरे । मुक्त कमैया र कमलरीलाई एक/एक कट्ठा जग्गा दिइयो तर २५ वर्षसम्म बेच्न नपाउने गरी । बेच्न पनि नपाउने, बैंकले धितो पनि नमान्ने । अनि एक कट्ठामा खेती गरेर बाँच्न पनि नसकिने । रोजगारीको खोजीमा ती पनि त सुकुम्बासी नै भए ।

८. मानिस आफू बाँच्न र परिवार पाल्नका लागि रोजगारीको भरपर्दो व्यवस्था नभएपछि अनेक कर्म गर्छ, त्यसलाई आधुनिक खातापिता वर्गले बनाएको कानुनले 'अवैधानिक' देख्छ । सुरुमा केही थोरै मानिसले सार्वजनिक जमिनमा टहरो बनाउँछन् । उनीहरू पुराना भैसकेका हुन्छन् । नयाँ आउनेले थोरै पैसामा त्यही टहरो किन्छन् । सुरुमा टहरो बनाउनेमध्येको बाठो मानिसले त्यो बेच्छ र अर्को टहरो बनाउने खेलोमा लाग्छ । यस्तो काम पुलिस-प्रशासनलाई रिझाउन सक्ने, पार्टीका नेतासँग सम्पर्क भएको बाठो मानिसले नै गर्छ अनि घानमा पर्छन् वास्तविक पीडितहरू ।

आज लालपुर्जा पाइसकेका विभिन्न जिल्लाका पूर्वसुकुम्बासी बस्तीहरूमा सुरुमा टोकन (निस्सा) पाउने मानिस छैनन्, प्राय ती स्थान अरूलाई बेचेर उनीहरू अन्तै सरिसकेका छन् । अहिले खुबै धेरै चर्चा गरिएका एमाले नेता विष्णु पौडेल र प्रदीप ज्ञवाली र यस्तै अरूले बुटवलमा रहेको जमिन कब्जा गरेर बसेका होइनन्, सुकुम्बासीबाट किनेर बसेका हुन् ।

### सुकुमबासी समस्याको श्रोत र समाधान

धनीहरूका लागि मात्रै बनेको वर्तमान समाजले सिर्जना गरेका गरिबी, अभाव, बेरोजगारी, कृषि क्षेत्रको संरक्षणको अभाव (खेतीबाट श्रमको मूल्य पनि नउठ्ने समस्या) का कारण कृषि जनशक्तिको पलायन, औद्योगिक रोजगारीको निरन्तर खस्कँदै गरेका अवस्था र स्वयं औद्योगिक क्षेत्रको संरक्षणको अभाव, तीव्र युवा पलायनले सिर्जना गरेको आर्थिक मन्दी, वैदेशिक कमाई उपभोगमा सिद्धिने अवस्था, चर्को व्यापार घाटाले र वैदेशिक ऋणले सिर्जना गरेको पुँजीगत खर्चको निरन्तर ओरालो लागेको अवस्थाहरूले नै सीमित व्यक्ति र समूहलाई धनी झन् धनी र मध्यम वर्गलाई क्रमशः सुकुम्बासीकरणतिर लगिरहेका छन् । आज जुन सहरिया मध्यम वर्गसमेत सुकुम्बासी उठीबासलाई समस्या समाधान भयो भनेर खुसी मनाइरहेको छ, यही अर्थ राजनीति रहेमा त्यो वर्ग पनि ऋणग्रस्तताको कारणले क्रमशः थाहै नपाई सुकुम्बासीकरणतिर धकेलिइरहेको छ ।

सयौं वर्षदेखि बसोबास गरेका काठमाडौंकै कतिपय नेवार बस्ती लगायत लालपुर्जा नपाएका देशका कतिपय स्थान अझै छन् । तिनलाई पनि सुकुम्बासी समाधानकै सिलसिलामा विगतका विभिन्न सरकारले समाधान गर्दै आएका छन् । वास्तवमा ती सुकुम्बासी होइनन् ।

रोजगारीको व्यवस्था नहुने हो भने भूमिहीनलाई आवासका लागि जग्गा दिएर वा बस्ने फ्ल्याट दिएर मात्रै त्यसबाट समस्या समाधान हुँदै हुन्न । तत्काल कृषि क्षेत्रको संरक्षण नगर्ने हो भने मानिसहरू आफ्नै जमिनमा 'सुकुम्बासी' हुने छन्, भइरहेका छन् ।

रोजगारीको व्यवस्था नहुने हो भने भूमिहीनलाई आवासका लागि जग्गा दिएर वा बस्ने फ्ल्याट दिएर मात्रै त्यसबाट समस्या समाधान हुँदै हुन्न । तत्काल कृषि क्षेत्रको संरक्षण नगर्ने हो भने मानिसहरू आफ्नै जमिनमा 'सुकुम्बासी' हुने छन्, भइरहेका छन् । राम्रो ज्यालासहित रोजगारी पाउने हो भने मानिसहरू दुर्गन्धित नदी किनारमा बर्खामा हुने खतरा मोलेर बस्न जाँदै जाँदैनन्, भूमिहीन भए पनि भाँडा तिरेर राम्रो ठाउँमा बस्छन् ।

कृषि उत्पादनको बिक्रीको ग्यारेन्टी हुने हो भने अरब, मलेसिया, कोरिया लगायत ठाउँमा जान बाध्य श्रमिकहरू गाउँ फर्किने छन्, गाउँ गुलजार हुने छन्, कोही पनि सुकुम्बासी बनेर नदी किनार खोज्दै हिँड्ने छैनन् । किसानले दूध पोख्नु पर्ने, मूल्य नपाएर तरकारीबारिमा डोजर लगाउनु पर्ने अवस्थाका कारणले नै मानिसहरू गाउँको हराभरा खेतबारी छोडेर सक्ने विदेश, नसक्ने सहरका छेउछाउमा सुकुम्बासी बन्न बाध्य छन् ।

कृषि क्षेत्रको संरक्षण भनेको किसानलाई कृषिबाट विस्थापित हुन नपर्ने र बिदेशिएका युवालाई कृषिमा फर्काउने वातावरण तयार गर्नु हो, जसबाट स्वरोजगारीको व्यापक विस्तार हुनुका साथै चर्को व्यापार घाटा कम गर्न मद्दत पुग्ने छ । औद्योगिक क्षेत्रको संरक्षण गर्नु भनेको निजी हुन् वा सरकारी बन्द भएका उद्योग खुल्ने, नयाँ नयाँ उद्योग खुल्ने वातावरण तयार गर्नु हो, रोजगारी र अर्थतन्त्रको विस्तार गर्नु हो । यसो भयो भने मात्रै सुकुम्बासी समस्याको धेरै समाधान हुने छ । त्यति गर्दा पनि धनको असमान वितरण र गरिबीको दुष्चक्रलाई 'प्राकृतिक नियम' बताउने पुँजीवादी व्यवस्था रहेसम्म नेपालमा मात्रै होइन, विश्वस्तरमै 'सुकुम्बासी समस्या' रहिरहने छ ।

नेपालमा अझै पनि कृषि र औद्योगिक क्षेत्रको संरक्षण गर्ने हो भने आम सामाजिक विस्थापन र सामाजिक दरिद्रीकरणको गतिलाई धेरै हदसम्म रोक्न सकिन्छ । कांग्रेस र कम्युनिष्ट पार्टीका विगतका सरकारले समस्या समाधानको जरोसम्म पुग्न चाहेनन्, एक टुक्रा जमिन वितरण मात्रै समस्याको समाधान देखे । सही नीति नअपनाएर विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको दलाली गरेर देशलाई ऋणको भारी बोकाएर पिसाबको न्यानो जस्तै अर्थतन्त्र धाने मात्रै । त्यसमा जति आलोचना गरे पनि हुन्छ तर वर्तमान सरकारले जे गरेको छ, त्यो समाधान हैन ।

### के यो सरकारले सुकुमबासी समस्या समाधान गर्न सक्छ ?

देशको अर्थ राजनीतिक बर्बादीका कारण घरबारबाट विस्थापित श्रमिक, जसलाई अचेल आप्रवासी श्रमिक भन्ने गरिएको छ, जसको संख्या निरन्तर बढ्ने निश्चित छ । उनीहरूलाई गाउँमा टिकाउने कसरी भनेर माथि नै चर्चा गरिसकिएको छ । आफ्नै देशका आप्रवासी श्रमिकले सहरको श्रम शक्ति आपूर्ति गरिरहेका छन् । उनीहरूले सहरी अर्थतन्त्र चलायमान बनाउन सहयोग गर्छन् । उनीहरूलाई सहरमा बाँच्न दिनका लागि स्वरोजगारको मौका दिनु पर्दछ । संसारका सबै विकसित देशमा 'स्ट्रिट फुड' का ठेला-पसल हुन्छन् । यातायातलाई अवरोध नगरी छेउछाउमा उनीहरूलाई व्यवसाय गर्न दिइन्छ । लन्डन, न्यु योर्क, वासिङ्टन, मस्को, पेरिस, बर्लिन, दिल्ली, बेइजिङजस्ता हरेक ठुला सहरमा गरिबहरूले निश्चित समय र स्थानमा सडक-पेटीमा सामान बेच्न पाउँछन्, खानेकुराका पसल चलाउन पाउँछन् । सडक व्यापार गर्नेहरू आफू मात्रै बाँच्दैनन्, उनीहरूले उही गुणस्तरका सामान आम मानिसलाई सस्तोमा उपलब्ध गराउँछन्, न्यून आय भएका अरू श्रमिक, न्यून वैतनिक सरकारी कर्मचारी र विद्यार्थीहरूका लागि सस्तोमा खाना-खाजा उपलब्ध गराउँछन् । यसरी विकसित देशले पनि सडक व्यापारमा छुट दिएका हुन्छन् यातायात अवरुद्ध नहुने गरी । यहाँ त सडक व्यापारी (जो गरिब हुन्छन्) का सामान खोस्ने, ठेला लुट्ने गरियो । यो सबै देश सुधार्छु भनेर आएकाहरूबाट गरियो । यसैले यो सरकारले सुकुम्बासी वा आप्रवासी श्रमिकहरूको समस्या समाधान गर्दैन ।

मूल कुरा समस्या समाधानको मानवीय पक्षको पनि हो । नयाँ सरकारलाई आम मानिसले विश्वास गरेकै थिए, कम्तीमा पन्ध्र दिनको समय दिएर सामान सार्ने छूट पनि यो सरकारले दिएन । आफ्नो आवास आफैंले व्यवस्था गरेजस्तो हुन्छ प्याकेटको खाना बाँडेर ? अनि राज्यको श्रोतकै कुरा गर्ने हो भने आवासको विकल्प तयार गरेर हटाउने की राज्यलाई आर्थिक भार पर्ने गरी होटेल र रङ्गशालामा राख्ने ? कतिन्जेल यस्तो गर्न सकिन्छ र गर्नु उपयुक्त हुन्छ ?

जे गरिएको छ, त्यो समाधान भन्दा पनि स्टन्ट बढी भयो । विगत सरकारहरूलाई किन गाली गर्नु ? ती सरकार चलाउने पार्टीहरू आफैं नुन खाएका कुखुराजस्ता भएका छन् । जनताले ठुलो विश्वास गरेर विकल्पको सरकार बनाइसकेपछि यस सरकारले आफूलाई धनी र सहरियाको मात्रै सेवक ठान्यो र गरिबहरूलाई सहरमा बस्नै नसक्ने बनायो । सवाल बागमती, मनोहराका सुकुम्बासीको उठीबास मात्रै होइन, सहरमा छेउ कुनामा सडक व्यापार गर्न पाउने कि नपाउने ? बाटो हिँड्ने गरिब र विद्यार्थीले सस्तोमा कपडा र खानेकुरा किन्न पाउने कि नपाउने ? के दिल्ली र बेइजिङ भन्दा सम्पन्न बनाइसके यिनले नेपालका सहरलाई ?

यो सरकारले अल्प सूचनाको भरमा किन सुकुम्बासी बस्ती उजाड्यो ? यस सरकारले दिन खोजेको सन्देश हो- 'हामीलाई आधारभूत मानव अधिकार, आफ्नै देशका आप्रवासी श्रमिकका अधिकार, देशको कानुन इत्यादि कुनै कुरासँग पनि मतलब छैन । हामी जे पनि गर्न सक्छौं ।' बागमती किनारमा बस्न दिनुपर्छ भन्ने होइन तर समाधानको तरिका यस्तो आतङ्कारी हुनु हुँदैन । राज्य सबैको हो । कम्तीमा विकसित देशका ठुला सहरमा कसरी सडक व्यापार चल्छ भन्ने त हेर । अब जङ्गल फँडानी गरेर खेती गर्ने सुकुम्बासी बढ्दैनन् किन भने खेतीले उनीहरूको श्रमको मूल्य पनि उठ्न छोड्यो । अब रोजगारी खोज्न सहर पस्ने आप्रवासी श्रमिक नै सुकुम्बासी हुन् । सुकुम्बासीहरू विभिन्न सत्ताका भोट बैंक बनेका छन्, बन्ने छन् । अहिले उनीहरू कम्युनिष्ट पार्टीका होइन, रास्वपाका भोट बैंक थिए । *श्रोत : रातोपाटी*

# स्क्रिनको नियन्त्रणमा हराउँदै मानवीय चेतना



**✍सरोज प्रसाद साह**

आजको मानव सभ्यता प्रविधिको अभूतपूर्व उत्कर्षमा उभिएको छ। सूचनाको तीव्र प्रवाह, संचारको सहजता र कार्यक्षमताको विस्तारले जीवनलाई सरल र गतिशील बनाएको छ। तर यही प्रविधिको केन्द्रीय माध्यम-स्क्रिन- मानव जीवनको नियन्त्रणकारी शक्तिमा रूपान्तरण हुँदै गएको छ। आधुनिक मानवले आफ्नो समयको महत्वपूर्ण अंश स्क्रिनमा व्यतित गर्न थालेपछि, वास्तविकता र आभासीता बीचको सीमारेखा क्रमशः धमिलो बन्दै गएको छ।

हालको विश्वव्यापी प्रवृत्तिले देखाउँछ कि एक औसत व्यक्तिले दिनको करिब ६ देखि ७ घण्टा स्क्रिनमा बिताइरहेको छ, जुन उसको जागा समयको ठूलो हिस्सा हो। यो केवल समयको मात्र परिवर्तन होइन, मानव व्यवहार, सोच र चेतनाको संरचनात्मक रूपान्तरण हो। मस्तिष्कको कार्यप्रणाली निरन्तर डिजिटल उत्तेजनामा अभ्यस्त हुँदै जाँदा, ध्यानको अवधि छोटिँदै गएको छ, गहिरो सोच्ने क्षमता कमजोर हुँदै गएको छ, र तत्काल सन्तुष्टि खोज्ने प्रवृत्ति तीव्र बनेको छ।

विशेषगरी किशोर र युवा वर्गमा यसको प्रभाव गम्भीर रूपमा देखिन्छ। अत्यधिक स्क्रिन प्रयोगले चिन्ता, अवसाद, सामाजिक अलगाव, र आत्मविश्वासमा कमी ल्याउने प्रवृत्ति बढाउँदै लगेको छ। बालबालिकामा भने यसको असर अझ संवेदनशील छ-भाषिक विकासमा ढिलाइ, संज्ञानात्मक क्षमतामा कमी, र सामाजिक व्यवहारमा असन्तुलन देखिने जोखिम बढेको छ। मस्तिष्क विकासको संवेदनशील चरणमा स्क्रिनको अत्यधिक हस्तक्षेपले दीर्घकालीन प्रभाव पार्न सक्छ।

शारीरिक स्वास्थ्य पनि यसबाट अछुतो छैन। लामो समयसम्म एउटै स्थानमा बसेर स्क्रिन प्रयोग गर्दा




आँखाको तनाव, निद्रामा अवरोध, टाउको दुखाइ र शरीरको ऊर्जा सन्तुलनमा गडबडी जस्ता समस्या देखा पर्छन्। डिजिटल उपकरणबाट निस्कने नीलो प्रकाशले जैविक घडीलाई प्रभावित पार्दै निद्राको गुणस्तर घटाउने तथ्य पनि स्थापित भइसकेको छ। निष्क्रिय जीवनशैलीले मोटोपन, हृदयसम्बन्धी जोखिम र अन्य दीर्घकालीन रोगहरूको सम्भावना बढाउँदै लगेको छ।

तर सबैभन्दा सूक्ष्म र गहिरो असर सामाजिक संरचनामा देखिन्छ। मानिसहरू भौतिक रूपमा सँगै भए पनि मानसिक रूपमा टाढिँदै गएका छन्। संवादको स्थानमा स्क्रिनले कब्जा जमाएको छ। परिवारभित्रको आत्मीयता, मित्रताको गहिराइ, र समाजमा आवश्यक मानवीय सम्बन्धहरू क्रमशः कमजोर हुँदै गएका छन्। यसले सामाजिक पूँजीमा ह्रास ल्याउँदैछ, जुन दीर्घकालीन रूपमा समाजको स्थायित्वका लागि खतरा हो।

**समाधान :**

यस चुनौतिको समाधान प्रविधिको बहिष्कारमा होइन, यसको सन्तुलित र सचेत प्रयोगमा निहित छ। पहिलो, डिजिटल अनुशासनको विकास अनिवार्य छ। व्यक्तिले आफ्नो स्क्रिन समयलाई स्पष्ट रूपमा सीमित गर्दै, उद्देश्यपूर्ण प्रयोगमा केन्द्रित हुनुपर्छ। बिहान उठ्ने बित्तिकै र सुत्नुअघि स्क्रिन प्रयोग नगर्ने जस्ता साना अभ्यासहरूले ठूलो प्रभाव पार्न सक्छ।

दोस्रो, 'स्क्रिन-मुक्त क्षेत्र' को अवधारणा प्रभावकारी हुन्छ। भोजन गर्ने स्थान, सुत्ने कोठा, वा पारिवारिक भेटघाटको समयलाई स्क्रिनबाट पूर्ण रूपमा मुक्त राख्दा वास्तविक अन्तरक्रिया बढ्छ।

तेस्रो, वैकल्पिक जीवनशैलीको पुनर्स्थापना आवश्यक छ। पुस्तक अध्ययन, सिर्जनात्मक लेखन, शारीरिक व्यायाम, ध्यान र प्रकृतिसँगको सम्पर्कले मस्तिष्कलाई पुनः सन्तुलनमा ल्याउँछ। यी गतिविधिहरूले गहिरो सोच र आत्मचेतनालाई मजबुत बनाउँछन्।

चौथो, परिवार र समाजको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। बालबालिकाका लागि अभिभावकले उदाहरण प्रस्तुत गर्नुपर्छ। डिजिटल उपकरणलाई 'इनाम' वा 'दण्ड' को रूपमा प्रयोग गर्नुको सट्टा, सन्तुलित प्रयोगको संस्कार विकास गर्नुपर्छ।

पाँचौं, शिक्षा प्रणालीमा डिजिटल साक्षरतासँगै 'डिजिटल नैतिकता' को समावेश आवश्यक छ। यसले भावी पुस्तालाई प्रविधिको सचेत प्रयोगकर्ता बनाउँछ, जसले प्रविधिलाई नियन्त्रण गर्न सक्छ, नकि त्यसको दास बन्न।

प्रविधि मानव विकासको शक्तिशाली साधन हो, तर यसको असन्तुलित प्रयोगले मानव चेतनालाई नै चुनौति दिन सक्छ। आजको यथार्थ यही हो कि स्क्रिनले हाम्रो समय मात्र होइन, हाम्रो सोच र व्यवहारलाई पनि निर्देशित गर्न थालेको छ।

अन्ततः, प्रश्न प्रविधिको अस्तित्वको होइन, नियन्त्रणको हो। यदि मानवले आफ्नो चेतनालाई सुदृढ बनाएर प्रविधिलाई सन्तुलित रूपमा प्रयोग गर्न सकेन भने, भविष्यमा मानव स्वतन्त्रताको अवधारणा नै संकटमा पर्न सक्छ। स्क्रिनको युगमा बाँच्नु हाम्रो बाध्यता हुन सक्छ, तर स्क्रिनको नियन्त्रणमा बाँच्नु हाम्रो कमजोरी हो।

# मुक्तक



**✍रोशिका भट्टराई**

१
आँखामा राख्छु, यो मेरो देश, मुटुमा सजाउँछु।
माटोको मर्म, बुझ्ने छु पक्कै, जाँगर चलाउँछु।
आशाको दियो, बालेर सधैं, बस्ने छु देशैमा।
सदैव मेरो कर्तव्य बुझ्छु, आफैंलाई जगाउँछु।

२
यो देश मेरो, तराई पहाड, हिमाल छातीमा।
नगरौं हाम्ले, विभेद कैल्यै, जात र जातिमा।
देशको माया, मुटुमा हुन्छ, बुझौं है हामीले
उज्यालो हुन्छ, मुहार हाम्रो, चन्द्रझैं रातीमा ।

*कक्षा–१०, अमर मावि, हेटौँडा–१*

# देश



**✍श्रव्या रिजाल**

मेरो प्यारो देश
राम्रो लाग्छ वेष
माया गर्न छोड्दिन
देशको विश्वास तोड्दिन ।

नयाँ कुरा ल्याउनुपर्छ
देशको सेवा गर्नुपर्छ
देशका लागि हामीले
अरूसँग लड्नुपर्छ ।

*कक्षा–३, नवोदय शिशु सदन, हेटौँडा–४*

# खुवा



**✍कृतिका हुमागाई**

खुवा सुनौलो गाढा मिठो, मनै लोभ्याउने स्वाद,
खुवा जिब्रोमा पग्लिँदा, हराउँछ सबै व्यथा,
खुवा सुगन्धले भरिन्छ, आँगन घरको सारा,
खुवा एक कौरमै दिन्छ, खुशीको उज्यालो सारा।

खुवा धैर्यले बनेको हो, घोटिँदै बिस्तारै,
खुवा भित्रै लुकेको छ, मिहिनेतको कथा सारै,
खुवा देख्दा मन रमाउँछ, बाल्यकाल झैं फिर्ता,
खुवा सम्झिँदा जाग्छ फेरि, पुराना मीठा स्मृति।

खुवा आमाको हात जस्तो, न्यानोपनले भरिएको,
खुवा मायाको प्रतीक हो, मनभित्र गहिरिएको,
खुवा सानो टुक्राभित्र, ठूलो संसार अट्छ,
खुवा स्वादले जीवनलाई, मिठासमा नै बदल्छ।

खुवा साथीबीच बाँड्दा, हाँसो झन् बढ्दै जान्छ,
खुवा सँगै बसेको बेला, मन हलुका बन्छ,
खुवा चियासँग खाँदा, साँझ अझै रमाइलो,
खुवा बिना अधुरो लाग्छ, हरेक खुशीको मेलो।

खुवा पर्वको शोभा हो, खुवा घरको शान,
खुवा बिना लाग्दैन कहिल्यै, कुनै खुशीको मान,
खुवा जस्तै मिठो रहोस्, जीवनको हर पल,
खुवा जस्तै उज्यालो बनोस्, हाम्रो यो सरल चल।

कक्षा–१२, सिद्धार्थ मावि, हेटौँडा–२

# मेरो प्यारो बाबा



**✍कृतज्ञ पाण्डे**

बाबा हुनुहुन्छ, हाम्रो साहारा
दिनरात गर्नुहुन्छ, माया र प्यार
मिहिनेत गरेर सपना सजाउनुहुन्छ
हामी हाँसेको देखेर रमाउनुहुन्छ ।

बाबाले भन्नुहुन्छ राम्रो बन्नु
असल बाटो सधैं हिँड्नु
बाबाको राख्ने छु म मान
गर्छु म सधैं उहाँको सम्मान ।

बाबासँग हुन्छु म खुसी
उहाँको मायाले बनेका छौं सुखी
मेरो बाबा नै मेरो प्राण
उहाँले गर्दा बढेको छ हाम्रो सान ।

*कक्षा–४, नवोदय शिशु सदन, हेटौँडा–४*

# विद्यार्थी संगठन



**✍रोमन पौडेल**

विद्यार्थी संगठन भनेको विद्यार्थीहरुको हकहित, शैक्षिक सुधार र सामाजिक राजनीतिक चेतनाका लागि बनाइएको एक सामूहिक संस्था हो। वास्तविक विद्यार्थी संगठनले निम्नानुसारको कार्य गर्नुपर्ने हो।

- हकहितको रक्षा : विद्यार्थीहरुको अधिकारका लागि आवाज उठाउने र क्याम्पस प्रशासनसँग संवाद गर्ने।

- शैक्षिक मुद्दा : शिक्षाको गुणस्तर सुधार र मागहरु सम्बोधन गराउन पहल गर्ने।

- राजनीतिक संलग्नता : राजनीतिक दलहरुको सैद्धान्तिक समर्थनमा रहेर विद्यार्थीहरुलाई संगठित गर्ने।

- नेतृत्व विकास : युवाहरुमा राजनीतिक र सामाजिक चेतना बढाउने।

हाल नेपाली राजनीतिमा विद्यार्थी संगठनहरु विशेषगरी दलगत राजनीतिमा केन्द्रित भएर दलहरुको निर्देशन पालनामा बढी केन्द्रित भएको देखिन्छ। दलगत विद्यार्थी संगठनहरुले पठनपाठनमा अवरोध र स्वार्थ पूर्तिका लागि काम गर्ने गरेको देख्न सकिन्छ।

राजनीतिक दल निकटका सम्पूर्ण विद्यार्थी संगठनहरुले राजनीतिक पार्टीको भोट र बैंकको रुपमा कार्य गरेको महसुस आम–नागरिकलाई भएको पाइएको छ। यसको जल्दोबल्दो उदाहरण नै नेपालमा २०८२ साल भदौ २३ र २४ गते भएको जेन जी युवा समुहको आन्दोलनले प्रष्ट पारेको छ। २०८२ साल भदौ २३ गते राज्यपक्षबाट भएको बल प्रयोगबाट कलेज पोशाकमा आन्दोलनमा सहभागी विद्यार्थी मारिँदा राज्य संचालनको विरुद्धमा एक शब्दसम्म नबोल्ने राजनीतिक दलका विद्यार्थी संगठनप्रति जनमानसमा नकारात्मकता छाएको प्रष्ट हुन्छ।

नेपालका विद्यार्थी संगठनमा देखिएका मुख्य समस्याहरु निम्न छन्।

- मुख्यतया विद्यार्थीहरु आन्दोलनमा प्रयोग भए। दलगत विद्यार्थी संगठनले केही नेताहरुलाई सत्ता त दिलायो तर अधिकार दिलाउन सकेको देख्न सकिएन।

- राजनीतिक पार्टीको सिद्धान्तमा र निर्देशन पालनामा केन्द्रित भएर शैक्षिक गुणस्तरका लागि आवाज उठान कमजोर।

- शैक्षिक गतिविधि भन्दा पनि राजनीतिक गतिविधिमा केन्द्रित भई आफ्नै शैक्षिक धरातल कमजोर बनाउन केन्द्रित।

- पार्टीमा देखापरेका समस्या भन्दा पनि वादविवादमा रुमल्लिएर सिद्धान्तमा केन्द्रित नभएको।

माथि उल्लेखित समस्याले दलगत विद्यार्थी संगठनप्रति आम नागरिकमा नकारात्मक प्रभाव रहेको देखिन्छ। वास्तवमा दलगत विद्यार्थी संगठन खारेज गरी स्वतन्त्र र एकीकृत संगठन जसले विद्यार्थीको हकहितमा केन्द्रित रही शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुऱ्याउने उद्देश्य अनुरुपको संगठन निर्माणमा ध्यान दिनु उचित हुन्छ।

# मुक्तक



**✍सुनिल तामाङ**

१
मैले सफल बन्न दिनरात खट्नु पर्छ।
मैले मेरो परिस्थिति सुधार्न लड्नु पर्छ।
जस्तोसुकै समस्या आए तापनि जीवनमा
सफल जिन्दगीका निम्ति राम्रो पढ्नु पर्छ।

२
यहाँ सङ्घर्ष गर्दा पनि मजदुरको दिन फेरिएन।
व्यवस्था फेरिए तापनि जीवन किन फेरिएन ?
हरेक दिन पार्टीको भाषण फेरिने यो मेरो देशमा
कयौँ वर्षदेखि गाउँको मक्किएको तुइन फेरिएन।

*कक्षा–१०, अमर मावि, हेटौँडा–१*

# मुक्तक



**✍नम्रता पराजुली**

१
मेरो देशलाई शिरमा राखेर अगाडि बढेको छु।
देशको नाम अमर राख्न राम्रोसित पढेको छु।
असल सन्तान भएर सत्कर्म गर्ने प्रण गरेपछि
आजभोलि म सफलताको शिखर चढेको छु।

२
नेपालजस्तो, शान्त यो भूमी, भेटिन्न कतै नि।
नेपालीपन, नेपाली मन, देखिन्न कतै नि।।
मित्रता साथ, एकता भाव, अगाडि बढेमा
पुगे नि जता, देखिन्छ देश, छेकिन्न कतै नि।।

*कक्षा–१०, अमर मावि, हेटौँडा–१*

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



**सम्पादक**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बाँझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

**थप जानकारीको लागि HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७




Contact : 9807171993/9741681458 TCN Road-10

**नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।**

## कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०१/१६ गते)*

यस ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसिल शेयर सदस्यहरुले संस्थाबाट कर्जा उपभोग गरी बुझाउनु पर्ने साँवा तथा व्याज रकम नबुझाई, कर्जा सम्झौता उल्लंघन गर्नु भएको र बारम्बार मौखिक तथा लिखित रुपमा जानकारी गराउनुका साथै घरदैलोमा गई कर्जा भुक्तानीका लागि अनुरोध गर्दा समेत कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनु पर्ने रकम बुझाउन अग्रसर नदेखिएको हुँदा यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्रमा आफुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज, हर्जना र अन्य दै-दस्तुर बुझाउनु होला, अन्यथा सहकारी ऐन-नियम बमोजिम कानुनी प्रक्रिया अगाडि बढाई कर्जा असुलउपर गरिने सूचित गरिन्छ, ।

ऋणी सदस्य

| क.सं. | ऋणीको नाम | बाबुको नाम | पति/बाजेको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | सृजना प्रधान | नारण प्रसाद प्रधान | नारण दास प्रधान | हेटौँडा-०५ |
| २ | श्याममाया आले | टंक बहादुर आले | रामबहादुर आले | हेटौँडा-०७, नागस्वती |
| ३ | कुमारी स्याङ्तान | तुलकबहादुर थिङ | बहादुर सिंह थिङ | हेटौँडा-१३, पदमपोखरी |
| ४ | अनुप प्रसाद सेनुरीया | राजेन्द्र प्रसाद सेनुरीया | लक्ष्मण दास सेनुरीया | हेटौँडा-०२ |
| ५ | हिरा कुमारी गोतामे | हिरा बहादुर गोतामे | लक्ष्मण गोतामे | हेटौँडा-०५ पिप्ले |
| ६ | जिना लामा | अर्जुन कुमार लामा | तामदोंजे लामा | हेटौँडा-०८ |
| ७ | सन्तोषी थिङ | भिम बहादुर थिङ | कृष्ण बहादुर थिङ | हेटौँडा-०१, चौकीटोल |
| ८ | रमेश रोकाय | तुले रोकाय | सन्ते रोकाय | हेटौँडा-०८, कमाने |
| ९ | वीरबहादुर सुनार | मानबहादुर सुनार | बुद्धिमान सुनार | हेटौँडा-०४ |
| १० | गोपालचन्द्र श्रेष्ठ | रामहरि श्रेष्ठ | खड्का वहादुर श्रेष्ठ | हेटौँडा-०४ कमलडाँडा |
| ११ | रोशन दास | लालबावु दास | मङ्गल दास | हेटौँडा-०१, चौकीटोल |
| १२ | डोल्मा लामा | पासाङ लामा | लाक्पा शेर्पा | हेटौँडा-०१, चौकीटोल |
| १३ | उमेश जिम्बा | सरोज कुमार जिम्बा | चन्द्रबहादुर जिम्बा | हेटौँडा-१२, सिग्रेनी |
| १४ | रन्जित नगरकोटी | गंगाबहादुर नगरकोटी | हस्तबहादुर नगरकोटी | हेटौँडा-१२, सिग्रेनी |
| १५ | रन्जु तितुङ | रामबहादुर तितुङ | भिमबहादुर तितुङ | हेटौँडा-१३, पदमपोखरी |

ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.
हेटौँडा उपमहानगरपालिका-२, मकवानपुर
फोन नं. ०५७-५२४३५६/५२४३५७

## उपमेयर कप भलिबल

# हेटौंडा-५ र हेटौंडा-१९ ले उपाधि जित्यो



उपाधिसाथ हेटौंडा-१९ को पुरुष भलिबल टिम (बायाँ), हेटौंडा-५ को महिला भलिबल टिम (दायाँ) ।

समाज संवाददाता

हेटौंडा: आठौं संस्करणको वडास्तरीय उपमेयर कप महिला तथा पुरुष भलिबल प्रतियोगिता सम्पन्न भएको छ। मंगलबार सम्पन्न भएको प्रतियोगिताको उपाधि महिलातर्फ हेटौंडा-५ र पुरुषतर्फ हेटौंडा-१९ ले उचालेको छ ।

मंगलबार भएको प्रतियोगिताको महिलातर्फको फाइनल खेलमा हेटौंडा-५ ले हेटौंडा-१२ लाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि कब्जा गरेको छ। हेटौंडा-५ ले हेटौंडा-१२ लाई २५-१७, २५-२२ र २५-४ को सेटमा सहजै पराजित गरेको हो। सोमबार भएको सेमिफाइनल खेलमा हेटौंडा-५ ले हेटौंडा-९ लाई र हेटौंडा-१२ र हेटौंडा-१७ लाई हराएर फाइनलमा पुगेको थियो ।

पुरुषतर्फको उपाधिका हेटौंडा-१९ ले जितेको छ। फाइनल खेलमा हेटौंडा-१९ ले हेटौंडा-११ विरुद्ध ३-२ को सेटले जित्दै उपाधि कब्जा गरेको हो। फाइनल खेलमा हेटौंडा-१९ ले पहिलो सेट २५-२३ ले र तेस्रो सेट २५-१९ ले जित्दा दोस्रो सेट २०-२५ र चौथो सेटमा ९-२५ ले पराजित भएको थियो। त्यसपछि पुनरागमन गरेको हेटौंडा-१९ ले पाँचौं सेट १५-१० ले जित्दै उपाधि उचालेको हो । सोमबार भएको सेमिफाइनल खेलमा हेटौंडा-१९ ले हेटौंडा-१८ लाई र हेटौंडा-११ ले हेटौंडा-१२ लाई पराजित गरेर फाइनलमा प्रवेश गरेको थियो ।

प्रतियोगिताको उपाधि विजेता, उपविजेता र सेमिफाइनलमा पराजित भएका टिमहरुले ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिताका विधागत उत्कृष्ट खेलाडीहरुले पनि नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्। विधागत खेलाडीमा महिलातर्फ हेटौंडा-५ की आयुष्मा उप्रेती उत्कृष्ट सेटर, अप्सना उप्रेती उत्कृष्ट सर्भर, नमुना थिङ उत्कृष्ट स्पाइकर, सलिना मगर प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी र आशीष राई उत्कृष्ट कोच बनेका छन् भने हेटौंडा-१२ की प्रशंसा भोम्जन उत्कृष्ट डिफेन्डर घोषित भइन् ।

यसैगरी, पुरुषतर्फ हेटौंडा-१९ का विशेष थापा मगर प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए । सुवास सुवेदी उत्कृष्ट कोच, क्रिस लामा उत्कृष्ट सेटर बनेका छन् भने हेटौंडा-११ का निश्चल कौचा उत्कृष्ट ब्लकर, निरन सापकोटा उत्कृष्ट डिफेन्डर र कुशल लो उत्कृष्ट स्पाइकर घोषित भएका छन् ।

हेटौंडा उपमहानगर खेलकुद विकास समितिको प्रायोजन तथा केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय खेलकुद प्रतिष्ठानको आयोजनामा सञ्चालन भएको प्रतियोगितामा महिलातर्फ ७ र पुरुषतर्फ १० वडाका टोलीको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम पुरस्कार ५० हजार रुपैयाँ, द्वितीय पुरस्कार ३० हजार रुपैयाँ तोकिएको थियो । सेमिफाइनलमा पराजित हुने टिमहरुका लागि १०/१० हजार रुपैयाँ सान्त्वना पुरस्कार तोकिएको थियो । पुरस्कार रकम पछि प्रदान गरिने आयोजकले जनाएको छ ।

# कृष्ण माविको प्रधानाध्यापकमा पौडेल

समाज संवाददाता

हेटौंडा: मकवानपुरको भीमफेदी गाउँपालिका-२, भैंसेमा रहेको कृष्ण माध्यमिक विद्यालयको प्रधानाध्यापकमा कृष्णप्रसाद पौडेल नियुक्त हुनुभएको छ। गत शुक्रबार विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेबमोजिम शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको निर्णयमा पौडेल प्रधानाध्यापकमा नियुक्त हुनुभएको हो ।

यसअघि प्रधानाध्यापक रहनुभएका कृष्णलाल श्रेष्ठले राजीनामा दिनुभएको नवनियुक्त प्रधानाध्यापक पौडेलले जानकारी दिनुभयो । आगामी असारबाट अनिवार्य अवकास हुनुहुने श्रेष्ठले २४ वर्ष विद्यालयमा प्रधानाध्यापकको भूमिका निर्वाह गर्नुभएको पौडेलले जानकारी दिनुभयो । ११ वर्षदेखि सोही विद्यालयमा अध्यापन गराउँदै आउनुभएका पौडेल माध्यमिक तहको अंग्रेजी विषय शिक्षक हुनुहुन्छ। पौडेल विगत १७ वर्षदेखि शिक्षण पेशामा हुनुहुन्छ ।

प्रधानाध्यापकमा नियुक्त हुनुभएपछि पौडेलले आगामी दिनमा शैक्षिक गुणस्तर, सिकाई उपलब्धि वृद्धि, विद्यार्थी टिकाउने योजनामा ध्यान केन्द्रित गर्ने बताउनुभयो । विद्यालय व्यवस्थापन समिति र पालिकासँगको समन्वयमा शिक्षक दरबन्दीका लागि पहल र छात्रवृत्ति प्रदान गरी विद्यार्थीलाई पठनपाठन गराउने उहाँले जानकारी दिनुभयो। विद्यालयमा हाल भवन र आर्थिक स्रोतको कमी रहेको उहाँको भनाइ छ ।

सरकारले निःशुल्क शिक्षा घोषणा गरेकाले विद्यालय बस सञ्चालनमा समस्या हुनसक्ने उहाँको भनाइ छ । अहिलेको समयमा विद्यार्थी संख्या बढाउनमा भन्दा पनि विद्यार्थी संख्या टिकाउनमा धेरै समस्या रहेको उहाँ बताउनुहुन्छ ।

विद्यालयबाट २०८२ सालको एसईईमा ३२ जना विद्यार्थी सहभागी भएका छन् । २०८१ सालमा ४७ जना एसईईमा सहभागी भएकोमा १७ जना विद्यार्थी ग्रेडेड भएका थिए । कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयको कक्षा ११ र १२ मा शिक्षा र व्यवस्थापनका विषय अध्यापन हुने उहाँले बताउनुभएको छ । गत वर्ष ११ कक्षामा विद्यार्थी नै भर्ना नभएको उहाँले जानकारी दिनुभयो ।

## बागमती गोल्डकपको खेल तालिका सार्वजनिक

# उद्घाटनमा आयोजक र बागमती युथ भिड्ने



प्रतियोगिताबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलन ।

समाज संवाददाता

हेटौंडा : भोलि बिहिबारदेखि मकवानपुरको बागमती गाउँपालिकामा सञ्चालन हुने बागमती गोल्डकपको उद्घाटन खेलमा आयोजक र बागमती युथ क्लब भिड्ने भएका छन्। मंगलबार पत्रकार सम्मेलन मार्फत् आठौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको खेल तालिका सार्वजनिक गरिएको हो ।

उक्त तालिका अनुसार प्रतियोगिताको उद्घाटन खेलमा आयोजक बागमती खेलकुद विकास समिति र सर्लाहीको बागमती युथ क्लब भिड्ने भएको हो। खेल बिहीबार दिउँसो ३:३० बजे बागमती-४ स्थित सहिद स्मृति रंगशालामा हुनेछ । यस्तै शुक्रबार त्रिभुवन आर्मी क्लब काठमाडौं र बाराको नव जनजागृति क्लब, शनिबार विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ र चित्लाङ एफसी, आइतबार बाई पाएका ललितपुरको चर्च ब्वाइजले आयोजक र बागमती युथ क्लबबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ। बैशाख २१ गते ललितपुरको फ्रेन्ड्स क्लब र प्लानिङ ब्वाइज युनाइटेड, बैशाख २२ गते बाई पाएको मछिन्द्र क्लब, काठमाडौंले एपीएफ र चित्लाङ बीचको विजेतासँग खेल्नेछ ।

प्रतियोगिताको सेमिफाइनल खेल बैशाख २३ गते र बैशाख २४ गते हुनेछ भने फाइनल खेल बैशाख २६ गते हुनेछ । प्रतियोगितामा आयोजकसहित १० टिम सहभागी रहेको छ। प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ, विधागत उत्कृष्टहरुले २५-२५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीले १०-१० हजार प्राप्त गर्नेछन् ।

## चन्द्रोदय आविको...

लामा विगत २० वर्षदेखि अध्यापन गराउँदै आउनुभए पनि २०७६ सालमा स्थायी शिक्षकमा नियुक्त हुनुभएको हो । २०७७ साल चैतदेखि चन्द्रोदय आधारभूत विद्यालयमा अध्यापन गराउँदै आउनुभएको छ । उहाँले कक्षा ५ सम्म अंग्रेजी तथा कक्षा ६ देखि ८ सम्म स्वास्थ्य विषय अध्यापन गराउँदै आउनुभएको छ। विद्यालयमा हाल १३ नम्बर वडाभित्र रहेको सिम्पानी र टुटेपानीका विद्यार्थीहरू अध्ययनरत रहेका छन्। विद्यालयमा सिम्पानीबाट आउने विद्यार्थीहरूलाई वर्षाको समयमा खोला तरेर आउनुपर्ने र पछिल्लो समय जंगली जनावरको डरले विद्यार्थी संख्या कम भएको उहाँको भनाइ छ ।

आगामी दिनमा विद्यार्थीलाई खेल्दै सिक्दै अध्ययन गराउने योजना रहेको उहाँको भनाइ छ। विद्यालयमा बजेट कम भएकाले विद्यार्थीहरूका लागि खेल सामग्रीहरूको अभाव रहेको उहाँले बताउनुभयो। विद्यालय बस नभएका कारण विद्यार्थीको संख्या घट्दै गएको भन्दै नवनियुक्त प्रधानाध्यापक लामाले विद्यालय बसको व्यवस्था भएमा विद्यार्थी संख्या बढ्ने जानकारी दिनुभयो ।

# खोलाले बगाउँदा एकको मृत्यु, एक बेपत्ता

समाज संवाददाता

हेटौंडा : सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-११, बेलिब्रिज नजिक इन्द्रावती खोलामा पौडी खेल्ने क्रममा खोलाले बगाएर एक बालिकाको मृत्यु भएको छ भने एक बेपत्ता भएकी छन् ।

सोमबार दिउँसो ४ बजेर २० मिनेटको समयमा मेलम्ची नगरपालिका-९ की १८ वर्षीया निर्जला गिरी र पाचपोखरी थाङपाल गाउँपालिका-६ की १४ वर्षीया अन्जिता जोती इन्द्रावती खोलामा पौडी खेल्ने क्रममा बेपत्ता भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बेपत्ता भए पश्चात खोज तथा उद्दारका क्रममा निर्जला घटनास्थलबाट १ किलोमिटर तल मृत अवस्थामा फेला परेकी छन् । उनको शव आवश्यक कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि मेलम्ची नगर अस्पताल लगिएको छ। अन्जिता भने फेला परेकी छैनन् र उनको खोजी कार्य जारी रहेको प्रहरीले जानकारी दिएको छ ।

बालिकाहरुको उद्दारको क्रममा चितवन जिल्ला घर भई हाल काठमाडौंमा बस्ने ४९ वर्षीय वीरबहादुर राईले बालिकालाई बचाउने प्रयास गर्दा आफैं पानीमा डुबेर घाइते भएका छन् । उनलाई सामान्य उपचारपछि डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ ।

## राक्सिराङको कालिका...

विद्यार्थी संख्या लगातार घट्दै गएका कारण विद्यालय व्यवस्थापनमा नयाँ चुनौती देखिन थालेको छ । यस अवस्थालाई ध्यानमा राख्दै सम्बन्धित निकायहरूले विद्यालय मर्ज गर्ने, बन्द गर्ने वा तह घटाउने गरेको पाइन्छ ।

बसाइँसराइ, जन्मदरमा कमी र निजी विद्यालयतर्फ आकर्षण बढ्नुका कारण सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घटिरहेको छ । धेरै विद्यालयमा कक्षामा विद्यार्थी अत्यन्त न्यून भएपछि एकै शिक्षकले धेरै कक्षा सम्हाल्नुपर्ने अवस्थासमेत आएको पाइन्छ । विशेषगरी दुर्गम क्षेत्रमा विद्यालय टाढा हुँदा विद्यार्थीहरु नियमित उपस्थिति नहुने समस्या पनि छ ।


## डँढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डँढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**वन तथा वातावरण मन्त्रालय**
**बागमती प्रदेश, नेपाल**
**हेटौंडा, मकवानपुर**


## सूचना । सूचना ।। सूचना ।।।

जिल्ला छनौटका लागि खेलाडी दर्ता फारम भर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको पत्र संख्या ०८२/०८३ चलानी नं. ५५१ मिति २०८२/१२/०८ गते पत्रानुसार मिति २०८३ जेष्ठ २४ गतेदेखि ३० गतेसम्म संचालन हुने तेस्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा सहभागी हुने तपसिलका १४ खेल महिला/पुरुष खेलाडीहरु मकवानपुर जिल्लास्तरीय खेलाडी छनौटका लागि मिति २०८३ साल जेष्ठ २ गतेभित्र खेलाडी दर्ता फारम भर्न सम्बन्धित सबैमा जानकारीका लागि सुचित गरिन्छ ।

**तपशिल :**
**जिल्लामा छनोट हुने खेलहरु**

| क्र.सं. | खेल |
|---|---|
| १. | आईटी एफ तेक्वान्डो |
| २. | एथ्लेटिक्स |
| ३. | उसु |
| ४. | भलिबल |
| ५. | टेबल टेनिस |
| ६. | ब्याटमिन्टन |
| ७. | फुलकन्ट्याक्ट कराँते |
| ८. | बक्सिङ |
| ९. | तेक्वान्दो |
| १०. | कराँते |
| ११. | बुद्धिचाल |
| १२. | फुटबल |
| १३. | क्रिकेट |
| १४. | जुडो |

सम्पर्क : ०५७–५२४६८५, ९८४५०३६०९१, ९८५५०८९७८९

मकवानपुर जिल्ला खेलकुद विकास समिति
हेटौंडा, मकवानपुर

## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडाको वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

(तेस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०१/१६)

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको हेटौंडा-१० टि.सि.एन. चौरमा निर्माणाधीन बेसिक साइन्स भवन र सो हाता भित्र निर्माण हुने प्रिफ्याब भवन परिसरभित्र रहेका जोखिमयुक्त मसलाका रुखहरु कटान सम्पन्न भएको र प्राप्त गोलिया थान १९६ को ७५६.३७ क्यू.फि. काठ तथा १.५ (२०'५'५') चट्टा दाउरा घाटगद्दीमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भई सूचीकृत र अद्यावधिक भएका इच्छुक उद्योगले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र सम्पर्क राख्न सकिनेछ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ साथै पष्ठानको वेबसाइट www.mbans.edu.np मा समेत राखिएको छ ।


## सूचना, सूचना, सूचना

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुल
हेटौंडा–४, चिसापानी
०५७–५२५५६३, ९८५५०६६४५२, ९८५५०६६५६३


## शिक्षक आवश्यकता

*(प्रथमपटक सूचना प्रकाशित मिति २०८३/०१/१५)*

यस श्री शारदा माध्यमिक विद्यालय मकवानपुरगढी-५ का लागि तपसिल बमोजिमको शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले मिति २०८३/०१/०५ गते को विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार इच्छुक योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त दिनुहुन यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिल**

विज्ञापन नं. : ०१/०८२/८३
पद/तह : नि.मा.वि. (निजी स्रोत)
संख्या : १ (एक)
विषय : अंग्रेजी ।
न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट मुख्य विषय अंग्रेजी लिई १२ कक्षा वा सो सरह उत्तीर्ण ।
वाञ्छनीय योग्यता : माथिल्लो तहको शैक्षिक योग्यता हासिल गरी शिक्षण अनुभव भएको ।

**आवश्यक न्युनतमा योग्यता :**

१. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
२. सेवा सुविधा : विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार ।
३. आवेदन फारम दस्तुर : रू. १,०००/- (अक्षरूपी रू. एक हजार मात्र ।)
४. परीक्षाको किसिम : लिखित, मौखिक तथा कक्षा अवलोकन ।
५. आवेदन फारम वुझाउने अन्तिम मिति : २०८३/०१/२२ गते सम्म ।
६. सम्पर्क मिति : २०८३/०१/२२ गते बेलुका ४ बजे।
७. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी दिईनेछ ।

आवश्यक कागजात : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा आवश्यक तालिको प्रमाणपत्रको प्रतिलिपि ।

थप जानकारीका लागि : ९८५५०८८५१३, ९८४५१०२८८७

**श्री शारदा माध्यमिक विद्यालय**
मकवानपुरगढी-५, धादिङ, मकवानपुर


